परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक २१ २०७८ पुस ११ गते आईतवार Sunday 26, DEC 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## थालेसिमिया विरामीको उपचारको लागि च्यारिटी सो

बिराटनगर । शरिरमा रगत उत्पादनमा कमी भई बालबालिका मा लाग्ने थालेसिमिया रोग पिडीत विरामीहरुको उपचारका लागि शुक्रवार 'च्यारिटी' सो सम्पन्न भएको छ ।

उक्त च्यारिटी सोको समुद्घाटन प्रदेश १ को मुख्य मन्त्री राजेन्द्र कुमार राईले गरेका थिए । सो अवसरमा राइले भने सरकारले गर्नुपर्ने काम यूवाहरुले गरेको देख्दा खुशी लगागेको भन्दै नेताहरुले त भोटको लागि स्वार्थ राखेर काम गर्दछन् तर तपाई यूवाहरुले विना स्वार्थ सेवा भावले काम गरेकोमा धन्यवाद दिदै थालेसिमिया रोग पिडितहरुको लागि के गर्नु पर्छ प्रदेश सरकार गर्न तयार रहेको वताए ।

च्यारिटी सो को आयोजक आवर प्रोडक्सन कम्पनीका अध्यक्ष भुवन दाहाले भने शरिरमा रगत अभाव भई थालेसिमिया रोग पिडीत करीब १०५ जना सम्पर्कमा आएको छ । तीनीहरुको उपचारमा सहयोग गर्न क्रिसमस इभको अवसर पारेर शुक्रबार विराटनगरको कञ्चनजंघा ब्यान्केटमा 'फेसन फेस्ट एण्ड म्युजिक फर च्यारिटी २०२१' सो आयोजना गरेको वताए ।

थालेसिमिया रोग पिडितको सहयोगको लागि भएको च्यारिटी सो कै अवसरका स्वदेशी उत्पाद ढाकाबाट बनेका तयारी पोशाक र 'फेशन वेयर' को प्रर्वद्धन गर्ने फेशन सो समेत गरेका थिए ।

'च्यारेटी सो' लाई अझ आकर्षक वनाउनका लाीग चर्चित मोडेलहरुले उक्त पोशाक पहिरिएर प्रर्दशन गरेका थिए । पोशाक डिजाइनका विराटनगरको तनश्का बुटिक, इटहरीको व्हाइट फिदर र ओएसटी डेनिमले गरेका थिए ।

वांकी अन्तिम पेजमा...

## समाजमा महिला हिंसाको घटना बढ्नु दुःखद : मन्त्री यादव

विराटनगर । प्रदेश १ का सामाजिक विकास मन्त्री जयराम यादवले महिला हिंसाका घटना बढ्नु दुखत भएको भन्दै बर्षेनी यो संख्या बढ्दै जानु चिन्ताको विषय भएको बताए ।

सामाजिक विकास मन्त्रालयको आयोजनामा अल्पकालिन आश्रयस्थ लहरुले प्रवाह गर्ने सेवा सुविधाका संवन्धमा स्थानीय तहका उपप्रमुख र आश्रयस्थलहरुका संयोजकहरु वीच विराटनगरमा शुरु भएको समीक्षा तथा अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै मन्त्री यादवले सो कुरा बताएको थियो ।

मन्त्री यादवले महिला हिंसाका घटना न्युनीकरणका लागि गाउँ-गाउँमा सचेतना आवश्यक रहेकोमा जोड दिदै सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा प्रदेश १ का १५ स्थानीय तहमा सञ्चालित अल्पकालिन आश्रय स्थलहरुले प्रवाह गर्ने सेवाका प्रभावकारीताका आधारमा अन्य स्थानीय तहहरुमा पनि कार्यक्रम सञ्चालन गरिने भएको छ ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालय सामाजिक विकास महाशाखा प्रमुख दुर्गा भण्डारी बरालले सामाजिक विकास मन्त्रालयले घरेलु तथा लैंगिक हिंसाबाट पीडित भई भय तथा असुरक्षा महसुस गरि आफ्नो घरपरिवार तथा समाजमा रहि जीवनयापन गर्न नसकीरहेका महिला तथा बालिकाहरुलाई लक्षित गरि दीर्घकालिन पुर्नस्थापना केन्द्र सञ्चालनमा ल्याईको बताउँदै दुई वर्ष अघि देखि गृह सञ्चालनमा रहेको गृहमा १२ जना महिला तथा बालिकाहरु रहेको जानकारी गराएका थिए । पुर्नस्थापना गृहबाट पुर्नमिलन तथा पुर्नस्थापना, बालिकाको संस्थागत स्याहार, बालिकाहरुको शिक्षा लगायतको काममा चुनौति रहेको भण्डारीको भनाई थियो ।

वांकी अन्तिम पेजमा...

## प्रथम मकरजंग स्मृति ब्याडमिन्टन प्रतियोगिता सम्पन्न

बिराटनगर । बिराट ब्याड मिन्टन क्लबले प्रथम मकरजंग मुम्रोक स्मृति ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ ।

राजनैतिक, शैक्षिक तथा औद्योगिक नगरी प्रदेश नं. १ को राजधानी भएतापनि खेलकुद क्षेत्रमामा केही पछि परेको भन्दै पछिल्लो समयमा खेलकुदहरु मध्ये ब्याडमिन्टन खेल गाउँ टोलमा खेलेता पनि व्यवसायिक रुपमा फस्टाउन नसकेको महसुश गर्दै २०७३ सालमा व्यवसायिक रुपमा क्लबको स्थापना गरिएको क्लबले उक्त प्रतियोगिता गरेको थियो ।

शनिबार भएको फाइनल खेलहरुमा प्रतियोगिताको भेट्रान्स डबल ४५ वर्षमाथिको खेलमा आयोजक विराट क्लबका मिलन नेम्वाङ र उत्तम सिमखडाको जोडी प्रथम, विराटनगरको राजधानी युवा क्लबका जीवन बोगटी र धनकुमार श्रेष्ठको जोडी दोस्रो, सलकपुर ब्याडमिन्टन क्लबका विष्णु आचार्य र अर्जुन कार्की तथा लक्ष्मीमार्गका विकास श्रेष्ठ र अर्जुन सुब्बाको जोडी तेस्रो स्थान प्राप्त गरेका थिए ।

त्यसैगरी मेन्स डबलतर्फ विराटका उत्तम सिमखडा र भोजबहादुर गुरुङको जोडी प्रथम,



पथरीका नवीन राई र होम गुरुङको जोडी दोस्रो, राजधानी क्लबका अजय चौधरी र शशी चौधरी तथा बेलबारीका सरोज खवास र लाक्पा शेर्पाको जोडी तेस्रो स्थान प्राप्त गरेका थिए ।

क्लबकै आफ्नो कभर्ड हलमा शुक्रबार र शनिबार दुई दिने प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा आयोजक विराट ब्याडमिन्टन क्लबसहित जिल्ला ९ वटा क्लबको सहभागिता रहेको थियो । जसमा बेलबारी ब्याडमिन्टन क्लब, उर्लाबारी ब्याडमिन्टन क्लब, सशस्त्र प्रहरी बल टंकीसिनवारी, डिडिसी क्लब, विराटनगरको राजधानी युवा क्लब, विराटनगर ब्याडमिन्टन क्लब, अवेश स्पोर्टस सेन्टर र नेपाल राष्ट्र बैंकले भाग लिएका छन् । प्रतियोगितामा मेन्स डबल र भेट्रान्स ४५ वर्षमाथिको इभेन्ट्समा ६४ जना खेलाडीले प्रतिष्पर्धा गरेका थिए ।

प्रतियोगिताको विजेता तथा उपविजेता खेलाडीलाई प्रदेश १ का सामाजिक विकास मन्त्री जयराम यादव, क्लबका अध्यक्ष समशेर राईलगायतले पुरस्कार वितरण गरेका थिए । प्रतियोगिताको मेन्स डबलका विजेताले नगद २५ हजार, उपविजेताले नगद १५ र तेस्रो हुनेले नगद ५ हजार रुपैयाँ तथा भेट्रान्स ४५ वर्षमाथिको विजेताले नगद २० हजार, उपविजेताले नगद १२ हजार र तेस्रो स्थान हुनेले नगद ४ हजार रुपैयाँका साथ ट्रफी प्राप्त गरेका थिए । विराट ब्याडमिन्टन क्लबले आयोजना गरेको प्रतियोगिताको शनिबार फाइनल खेलहरु सम्पन्न भएका छन् । प्रतियोगिताको भेट्रान्स डबल ४५ वर्षमाथिको खेलमा आयोजक विराट क्लबका मिलन नेम्वाङ र उत्तम सिमखडाको जोडी प्रथम, विराटनगरको राजधानी युवा क्लबका जीवन बोगटी र धनकुमार श्रेष्ठको जोडी दोस्रो, सलकपुर ब्याडमिन्टन क्लबका विष्णु आचार्य र अर्जुन कार्की तथा लक्ष्मीमार्गका विकास श्रेष्ठ र अर्जुन सुब्बाको जोडी तेस्रो स्थान प्राप्त गरेका थिए ।

वाँकी अन्तिम पेजमा...

### नागरिकताको अधिकार सम्बन्धी बहस

विराटनगर । महिला कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले विराटनगरमा नागरिकता सम्बन्धि बहस अर्न्तक्रिया गरेको छ । कार्यक्रममा बोल्ने बक्ताहरूले संविधानले नागरिकतासम्बन्धी व्यवस्था गरे पनि सहजरूपमा नागरिकता बनाउन सक्ने अवस्था नरहेको बताए ।

कार्यपत्र प्रस्तुत गर्दै समीर श्रेष्ठले संविधानले नागरिकता सम्बन्धी व्यवस्था गरे पनि कानुन नबन्दा धेरै व्यक्ति नागरिकताविहीन भएको उल्लेख गरेका थिए ।

आमाको नाममा नागरिकता बनाउन पनि समस्या भएको हुँदा

वांकी अन्तिम पेजमा...




SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## थालेसिमिया...

सो अवसरमा मेलोडियस क्विनको उपनामले चर्चित गायिका तृष्णा गुरुङको साङ्गितिक प्रस्तुती, चर्चित नायिका परामिता राज्य लक्ष्मी राणा, मिस युनिभर्स २०२० रनरअप रक्षा उप्रेती, मिस्टर इन्टरनेशनल नेपाल साजिद आलम र चर्चित मोडेल विनोद खड्का सहित चर्चित कलाकारहरुको उपस्थितिको थियो । सोही कार्यक्रममा थालेसिमिया रोग पिडित विरामीहरुको बारेमा डकुमेन्टरी समेत प्रस्तुत गरेको थियो

## नागरिकताको...

धैरै नागरिक अनागरिक नै रहनुपरेको गुनासो समेत गरेका थिए ।

महिलाको नामबाट नागरिकता बनाउन नपाउँदा उमेर पुगेका धैरै युवायुवती अवसरबाट वञ्चित हुनपरेको अधिकारकर्मी निलम ढुङ्गेलको भनाई थियो ।

कार्यक्रममा एफडब्लुएलडीकी संस्थापक अधिवक्ता मीरा ढुङ्गानाले नागरिकताका विषयमा राज्य संवेदनशील हुनुपर्ने भन्दै राज्य संवेदनशील नहुँदा नागरिकले समस्या भोग्नुपरेको बताए ।

## समाजमा...

कार्यक्रममा प्रदेश १ उपसभामुख सरस्वती पोखरेल, प्रदेश सांसदहरु, सामाजिक विकास मन्त्रालयका सचिव कमलप्रसाद भट्टराई, स्थानीय तहका उपप्रमुखहरु, अल्पकालिन आश्रयस्थल का संयोजक लगायतको सहभागिता रहेको थियो ।


२१

हिंसामुक्त घर, सुखी परिवार

समृद्ध समाजको बलियो

आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।







# पिछडावर्ग नेकपा एमालेको जनसंगठन



विराटनगर । नेपाल कम्युनिष्ट पार्टी, एकिकृत मार्क्सवाद लेलिनवाद (नेकपा एमाले) नेपाल पिछडा वर्ग ( ओविसी) लाई आफ्नो जनसंगठनको रुपमामा अखिल नेपाल पिछडा वर्ग (ओविसी) महासंघको रुपमा घोषणा गरेको छ ।

उक्त घोषणा नेकपा एमाले केन्द्रीय कमिटीका दोस्रो पूर्ण वैठकवाट केन्द्रीय सदस्य कमरेड रामलाल साहलाई केन्द्रीय इन्र्चाजको जिम्मेवारी पुस १ गते विहीवार पत्रवाट तोक्दै सो जनसंगठनको घोषणा गरेको हो ।

उक्त घोषणाको अखिल नेपाल पिछडा वर्ग केन्द्रीय कमिटीले स्वागत गर्दै नेकपा एमाले पार्टी र नेतृत्व वर्गलाई समेत धन्यवाद तथा हार्दिक अभार व्यक्त गरेको जानकारी केन्द्रीय महासचिव जय प्रकाश महतोले गराए ।

अगामी दिनमा पिछडा वर्गमा पर्ने जातिहरु अधिकारलाई सुनिश्चित गर्न तथा र भाषा संस्कृतीहरुलाई संवर्द्धन र विकासका लागि महत्वपूर्ण योगदान गर्ने अपेक्षा समेत केन्द्रीय समितिले गरेको छ ।

त्यसैगरी नेकपा एमालेको जनसंगठन अखिल नेपाल पिछडावर्ग महासंघको विराटनगर महानगर कमिटी गठन गरेका छन । बिराटनगरमा केन्द्रीय ईन्चार्ज. रामलाल शाहको प्रमुख आतिथ्यमा र केन्द्रीय कमिटीको उपस्थितिमा पुन: गठन गरिएको छ ।

उक्त भेलाले तुलसी साहको अध्यक्षतामा १५ सदस्यीय अखिल नेपाल पिछडा वर्ग (यदअ) महासंघ गठन गरेका छन । उक्त कमिटीको उपाध्यक्षमा सरस्वती शाह ( सरू) सचिवमा दिनेश कामत लगायत रहेका छन ।




क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक


## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# संघियता माथि उठेको प्रश्न

नेपालको राजनीतिको इतिहासमा नेपाली नागरिकले जीवनको आहुती दिएर ल्याएको संघिय व्यवस्था माथि नै अहिले ठाउँ-ठाउँमा कुरा उठि रहेको छ । केन्द्रीकृत शासन व्यवस्थालाई जनताका घर दैलो सम्म वितार भएको संघियता माथि किन प्रश्न चिन्ह उठ्दै गई रहेको छ यस तर्फ सोच्न जरुरी छ । नेपालमा राना शासन काललाई निरंकुश भन्दै त्यसलाई आम नेपाली नागरिकहरुले समाप्त पारेर राजाको शासन व्यवस्था ल्यायो । राजा पनि शासन व्यवस्थामा मातिएपछि फेरी आम नागरिकले आन्दोलन गरी प्रजातन्त्रको स्थापना गरे तर त्यो प्रजातन्त्रमा पनि राजनीतिक दलका नेताहरुको नैतिकतामा कुनै परिवर्तन आएन जसका कारण माओवादीको आन्दोलन र मधेश विद्रोह भएपछि देशमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अहिले संचालनमा रहेको छ । यो शासन व्यवस्थामा राजनीतिक दलहरुले संघिय प्रदेशहरुमा आम नेपाली जनताको लागि काम गर्नु भन्दा पनि मन्त्रीको पद बढाउनेकाम, भ्रष्टाचार बढाउने काम, आफ्ना नाताको मान्छेलाई नोकरी लगाउने काम, व्यपारीलाई शोसन गर्ने काम मात्र गरेको भन्दै तीन तहको संघिय प्रणालीमा प्रदेश तहको कुनै काम नरहेको भन्दै हटाउनु पर्ने अवाज उठ्न थालेको छ ।

संधिय शासन व्यवस्था आफैमा खराब होइन यो व्यवस्थालाई राजनीतिक दलहरुले राजनीतिक नियुक्ति, मन्त्रिपरिषद् विस्तार, बजेट वितरण, मनपरी तन्त्र, बढ्दो भ्रष्टाचार र अनियमितता बढेकै आरण आज संघियता माथि प्रश्न उठाउन थालिएको छ । जब कि संघियता आएको पाँच वर्ष पनि पुगेको छैन । एउटा बच्चालाई यूवा हुन १६ वर्ष लागेपछि मात्र बुवा आमा हरुले प्रतिफल खोज्दछ तर ४ वर्ष मै संघियतावाट आम नेपालीको मनभरी सकेको छ । संविधान २०७२ को मुख्य पिलर भनेकै संघियता हो । यही संविधानमा सम्पुर्ण नेपालीलाई कुनै पनि भेदभाव नगरी राज्यको हरेक अंगमा समानुपाति प्रतिनिधित्व हुने व्यवस्था गरेको छ । यस व्यवस्थालाई कायम राख्ने नेताहरुको नैतिकतामा परिवर्तन ल्याउनु पर्छ ।

आम नेपाली नागरिकका आन्दोलन र शाहदतबाट प्राप्त संघियातालाई विकृती तर्फ नधकेली यसलाई आम नेपाली नागरिकको घर-घर सम्म पुऱ्याएर संघियताको अनुभुति दिलाउन जरुरी छ । संघियतालाई बलियो बनाउन केन्द्रिकृत व्यवस्थालाई कागजमा मात्रै नभएर व्यवहारका घरघरमा पुऱ्याएर देशको विकास र समृद्धिमा आम नेपाली दाजुभाईलाई भागीदारी बनाई संघिय व्यवस्था माथिको विश्वसा बढाउनु पर्छ । त्यसको लागि नेपालको शासन व्यवस्था संचालन गर्ने दलहरुले नैतिकतामा आमुल परिवर्तन गर्नु पर्छ । त्यसको लागि नेताहरुले आफ्नो जीवन शैलीलाई विलाशीता जीवनलाई छोडेर समान्य जीवनमा फर्कन जरुरी छ ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# पाँचदलीय संयन्त्रको तर्फबाट प्रदेश १ सरकारको न्यूनतम साझा कार्यक्रम

**परिच्छेद एक : पृष्ठभूमि**

ऐतिहासिक जन आन्दोलन, जनयुद्ध, मधेश आन्दोलन र अनेकौं न्यायप्रेमी शक्ति र नेपाली जनताले लामो समयदेखि चलाउँदै आएको वीरता र बलिदानी पूर्ण संघर्ष र सचेतना अभियानको परिणाम स्वरुप प्राप्तभएको उपलब्धिहरुलाई समाप्त पारेर मुलुकलाई प्रतिगमन तर्फ लैजान खोज्ने, संविधानलाई निष्काम बनाउन चाहने, जन अधिकार, लोकतन्त्र, संघीय शासन प्रणाली माथि प्रहार गर्ने, एक पछि अर्को राष्ट्रघाती र जनविरोधी काम गर्ने, पटक पटक असंवैधानिक ढंगले संसद विगठन गर्ने, सर्वसत्तावाद र अधिनायकत्व लाद्न खोज्ने प्रवृत्ति र शक्तिको विरुद्ध पुनःलोकतन्त्रवादी, राष्ट्रवादी, जनअधिकार र संविधानको रक्षा गर्न चाहने शक्ति र राजनीतिक दलहरु एकजुट भएर अगाडि बढ्ने क्रममा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र संघीय लोकतान्त्रिक मञ्च नेपाल लगायतको राष्ट्रिय गठबन्धन निर्माण हुने अवस्था बन्यो र सो गठबन्धनले सशक्त सडक आन्दोलन, विभिन्न खाले कानुनी लडाई र संसदमा सरकार परिवर्तन सहित अनेक रुपका संसदीय संघर्ष अगाडि बढाउने काम गर्यो । त्यसै क्रममा गठबन्धनको नेतृत्वमा संघीय सहित विभिन्न प्रदेश सरकारहरु बन्ने अवस्थाआयो । प्रदेश नं. एकमापनि नेपालीकांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, नेपाल र संघीयलोकतान्त्रिक राष्ट्रियमञ्च संयुक्त सरकार बन्यो ।


गठबन्धनको सरकार राजनीतिक कारणबाट बनेको भएपनि सरकार राजनीतिक काममा मात्र सिमित हुन सक्दैन । सरकारले आफ्नो दायित्व र कार्यक्षेत्र भित्र पर्ने सम्पूर्ण नियमित र आकस्मिक कार्यहरु गर्नुपर्दछ । आफ्नो ठोस, स्पष्ट र यथार्थ परक योजना, निति र कार्यक्रम बिना सरकारले आफ्नो काम र दायित्व पुरा गर्न सक्दैन र सफलता पनि हासिल गर्न सक्दैन । यो वास्तविकतालाई आत्मसात गर्दै ५ दलिय राजनीतिक संयन्त्रको तर्फबाट प्रस्तावित "प्रदेश १ सरकारको न्युनतम साझाकार्यक्रम"निर्माण गर्ने काम गरिएको छ ।

**परिच्छेद दुई : वर्तमान बस्तुगत स्थिति र आगामी लक्ष्य**

तालिका १ : प्रदेश १ को मुख्य सूचकहरुको अवसथा र आगामी लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | आ.व. २०७७/७८ अनुमानित | आ.व. २०७८/७९ संशोधित लक्ष्य | आ.व. २०७९/८० लक्ष्य |
|---|---|---|---|---|---|
| क. | आर्थिक सूचकहरु :- | | | | |
| १ | वार्षिक बजेट | रु.अर्ब | ४०.८९ | ३२.४६ | ३५.७१ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ११९५ | १२४५ | १३१० |
| ३ | वार्षिक आर्थिक बृद्धिदर | प्रतिशत | ३.६० | ४.९० | ६.२० |
| ४ | कूलगार्हस्थ्य उत्पादन (न्एण | रु.अर्ब | ६६३ | ६९९ | ७५० |
| ५ | कृषिक्षेत्रको न्ए मा योगदान | प्रतिशत | ३५.१९ | ३३.९० | ३१.९३ |
| ६ | उद्योगक्षेत्रको न्ए मा योगदान | प्रतिशत | १६.१९ | २१.६९ | २२.९८ |
| ७ | सेवाक्षेत्रको न्ए मा योगदान | प्रतिशत | ४८.६२ | ४५.२१ | ४५.०९ |
| ८ | औपचारिकबेरोजगारी दर | प्रतिशत | ८.३० | ७.३० | ६.४० |
| ख. | सामाजिक सूचकहरु :- | | | | |
| १ | मानव विकाससूचकाङ्क (HDI) | सूचकाङ्क (०-१) | ०.४७० | ०.५७८ | ०.५८० |
| २ | बहुआयामिकगरिबी (MPI) | प्रतिशत | १७.०० | १५.०९ | १४.९० |
| ३ | कुलसाक्षरता दर | प्रतिशत | ८८.०० | ९३.०० | ९६.०० |
| ४ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.५० | ७२.०० | ७२.५० |
| ५ | असमानता जनाउने सूचक न्ष्लष ए | Coefficient (०-१) | ०.३४ | ०.३३ | ०.३२ |
| ६ | माथिल्लो १०/ तल्लो ४० जनसंख्याको आम्दानी(PALMA Ratio) | अनुपात | ०.९७ | ०.९४ | ०.९२ |
| ७ | लैङ्गिकसशक्तिकरण | सूचकाङ्क | ०.६२ | ०.६४ | ०.६७ |
| ग. | जलवायु तथा वातावरण सम्बद्ध सूचकहरू:- | | | | |
| १ | वनलेढाकेको क्षेत्रफल | प्रतिशत | ४३.७५ | ४४.०० | ४४.३५ |
| २ | जैविकवालीको अनुपात | प्रतिशत | २.१० | २.२० | २.३५ |
| घ. | सुशासन सम्बद्ध सूचकहरू:- | | | | |
| १ | भ्रष्टाचारन्यूनता अनुभूति | सूचकाङ्क (०-१००) | ३८.६० | ४२.४० | ४६.२० |
| २ | उत्तरदायित्व, पारदर्शिता र भ्रष्टाचार न्यूनीकरण | सूचकाङ्क (१-६) | ३.४० | ३.६० | ३.८० |
| ३ | विपद्बाटमृत्यु | प्रति लाख | २.०० | १.८० | १.७० |
| ४ | विपद्बाटसम्पत्तिमा क्षति | रु. करोडमा | ४०.०० | ३०.०० | २५.०० |
| ५ | नागरिकसन्तुष्टि अनुभूतिको सूचकाङ्क | सूचकाङ्क | ५.०० | ५.२० | ५.३० |
| ६ | मानवअधिकार उल्लङ्घनका घटना | संख्या | ६७८ | ५९३ | ५०८ |
| ७ | शान्तिसुरक्षाका लागि प्रतिव्यक्ति बजेट | रुपैयाँ | १८१.०० | १८६.०० | १९५.०० |

तालिका १ मा विकासका विभिन्न क्षेत्रहरु (आर्थिक, सामाजिक, जलवायु र सुशासन) सम्बद्ध मुख्य सूचकहरुमा प्रदेश को वर्तमान अवस्था चित्रित गरिनुको साथै चालु आ.व. २०७८/७९ को संशाधि लक्ष्य र आगामी आ.व. २०७९/८० को अपेक्षित लक्ष्यहरु वस्तुगत रुपमा किटानी गरिएका छन् ।




चित्र १ प्रदेश १ का प्रति व्यक्ति आय र वार्षिक बजेटको अवस्था तथा आगामी लक्ष्य

उपरोक्त विभिन्न बस्तुगत लक्ष्य तथा उद्देश्य हासिल गर्नको निमित्त संक्षिप्त प्राथमिकता तथा नीति-कार्यक्रमहरु विम्बातमक रुपमा निम्नानुसार तय गरिएका छन् । दस्तावेजमा प्रदेश विकास सम्बद्ध केही मुख्य विषय क्षेत्र मा तात्कालिक दिशाबोधको निमित्त

वांकी ३ पेजमा...

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# गाँजा सहित एक पक्राउ



झापा । झापाको दमक नगरपालिका वडा नं. १ स्थित रतुवा खोलाको बगरबाट गाँजा सहित १ जना पुरुष पक्राउ परेको छ । पक्राउ पर्नेमा इलाम माङसेवुङ गाउँपालिका वडा नं. ६ का ४६ बर्षिय बिर कुमार राई रहेको छ ।

अस्थायी प्रहरी पोष्ट फाल्गुनन्दबाट खटिएको प्रहरी गस्ति टोलीले खोला बगरमा संकास्पद अवस्थामा हिडिरहेका राईलाई खानतलासी लिंदा निजले पछाडि बोकेको झोला र हातमा झुन्ड्याएको जेब्रा झोलामा ८ किलोग्राम १६० ग्राम अवैध लागूऔषध गाँजा बरामद गरिएको थियो ।

गाँजा सहित पक्राउ परेका राईको इलाका प्रहरी कार्यालय दकमबाट अनुसन्धान भईरहेको र सम्मानित झापा जिल्ला अदालतबाट म्याद थप गरी कानुनी प्रकृया अगाडि बढाईने जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# लागुऔषध सहित तीन पक्राउ

सुनसरी । सुनसरीको इटहरी उप-महानगरपालिका वडा नं. ४ स्थित कोशी लोकमार्गमा ट्रकको ठक्करबाट महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा सुनसरी इटहरी उप-महानगरपालिका वडा नं. ४ कि ६५ बर्षिया देबी खडका रहेकि छिन ।

शुक्रवार धरान तर्फ जादै गरेको प्रदेश १-०२- ००१ ख ८६५२ नम्वरको ट्रकले पैदल यात्री खडकालाई ठक्कर दिएको थयो । घाईते खडकाको उपचारको क्रममा धरान घोपामा मृत्यु भएको थियो ।

दुर्घटना गराउने ट्रक र चालक तेह्रथुम जिरीखिम्ति वडा नं. ६ का पेम्वा शेर्पालाई इलाका प्रहरी कार्यालय इटहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

# ज्यान मुद्दामा संलग्न पक्राउ

संखुवासभा । संखुवासभाको खाँदबारी नगरपालिका वडा नं. ११ का २७ बर्षिय जीवन दर्जी कर्तव्य ज्यान सम्वन्धि घटनामा पक्राउ परेको छ । गत आईतवार जीवन दर्जी र सोही स्थानका ३० बर्षिय चन्द्र बहादुर दर्जी बिच मादक पदार्थ सेवन गरी आपसमा झै झगडा गरी कुटपिट हुदा सोही कुटपिटका कारण चन्द्र बहादुर बिरामि परेका थिए । बिरामी चन्द्र बहादुरको जिल्ला अस्पताल संखुवासभामा उपचारको क्रममा पौष ५ गते सोमवार मृत्यु भएको थियो ।

घटनामा संलग्न जीवन दर्जीलाई जिल्ला प्रहरी कार्यालय संखुवासभाले नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको छ ।



*यो धुम्रपानको आद्त सजिलो*
*तरीकाले कहाँ छुट छ,,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट*
*हामीलाई फुकि हाल्छ ।*

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

## पाँचदलीय...

संलग्न भएका छन् भने थप आम विषय क्षेत्रगत योजना आगामी अन्य दस्तावेजहरु तथा नीति-कार्यक्रममा संलग्न हुने नै छन् ।

**परिच्छेद तीन : प्राथमिकता हरु**

३.१ मुख्य क्षेत्रगत प्राथमिकता हरु

१. कोभिड-१९ को खोप लगाउन बाँकी नागरिकहरूलाई आगामी चैत्र मसान्तभित्र निःशुल्क खोप उपलब्ध गराउन व्यवस्था गर्ने ।

२. प्रदेश १ को नामाकरणलाई उच्च प्राथमिकता दिने। सरकारका भौतिक संरचना निर्माण गर्ने।

३. राष्ट्रसेवकहरुको परिणाम मुखी परिचालनको निमित्त "पुरस्कार-दण्ड" नीति अवलम्बन गर्ने ।

४.प्रदेश सरकारबाट सञ्चालित परियोजनाहरूको मूल्याङ्कन, अनुगमन गर्न उच्च स्तरीय संयन्त्रलाई परिचालन गर्ने ।

५. कृषिमा तुलनात्मक लाभको क्षेत्रमा लगानी आकर्षित गर्ने। जैविक कृषिलाई प्रोत्साहन गर्ने ।

६. प्राकृतिक प्रकोप (बाढी, पहिरो, आगलागी, डुबान लगायत) मा परेका नागरिकहरूको तत्काल उद्धार, राहत र पुनर्स्थापन प्रणालीको विकास गर्ने ।

७. प्रदेश १ मा उत्पादित बस्तु तथा सेवा आदिको प्रवर्धनलाई प्राथमिकता दिने ।

८. मितव्ययी रूपमा सरकार सञ्चापलन गर्दै पुँजीगत खर्च वृद्धि गर्ने र प्रदेशको स्रोत साधन तथा राजस्वको वृद्धि गर्न तत्काल अध्ययन थालनी गर्ने ।

९. विद्यालय तथा क्याम्पस अध्ययन बाट छुटेकाहरुको लागि पुनः अध्ययन प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।

१०. प्राविधिक जनशक्ति उत्पादनको निमित्त शिक्षा क्षेत्रको विकास गर्ने ।

११. स्वास्थ्य बिमाको पहुँचलाई विस्तार गर्दै अति विपन्न परिवारलाई स्वास्थ्य बिमाको पहुँचमा ल्याउने।

१२. जटिल प्रकृतिका रोगको उपचार व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्थापन गर्ने ।

१३. भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधानको निमित्त समन्वयकारी पहल गर्ने ।

१४. सहकारी क्षेत्रलाई गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रूपमा प्रदेशले प्राथमिकता दिने ।

१५. गरिबीको रेखामुनि रहेका जनताको तथ्याङ्क सङ्कलन गरी खाद्य, शिक्षा, स्वास्थ्य, आवास, सीप विकास र रोजगारीको कार्यक्रम बनाउने । अपाङ्गता भएका व्यक्तिलाई रोजगारीमा आबद्ध गर्ने ।

१६. कला-साहित्य, भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्न प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरी काम सुरु गर्ने ।

१७. वातावरण मैत्री पूर्वाधारको निर्माण तथा विकास संरचना अवलम्बन गर्ने ।

३.२ नीतिगत प्राथमिकताहरू

१. संविधानको सर्वोच्चता, कानुनी राज्य र सुशासनमा कटिबद्धरहनुको साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको सवाललाई प्राथमिकतामा राख्नेस ।

२. संघीय र स्थानीय निकाय सँगको समन्वयमा संघीयता कार्यान्वयनको बाँकी कार्यभार पुरा गर्ने।

३. कोभिड-१९ र तेश्रो भेरिअन्ट ओमीक्रोनको महामारीमा नागरिक को जीवन रक्षा गर्ने । कोभिड-१९ का कारण संकटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात लगायत अन्य सेवा उद्योगहरूको उत्थान तथा प्रभावित श्रमजीवी तथा बेरोजगारमा राहतको विशेष आर्थिक प्याकेज व्यवस्था गर्ने ।

४. उत्पादन मुखी अर्थतन्त्र तथा राष्ट्रिय पुँजी निर्माणमा जोड, भ्रष्टारचारको छानबिन, चरम गरिबीको अन्त्य, आपूर्ति सुधार नियन्त्रणमा अग्रसरता लिने ।

५. नियमित संवाद, सहमति र सहकार्यको माध्यमबाट गठबन्धन लाई सशक्त बनाउने ।

६. प्रदेश विकासका लागि मुख्य तिन क्षेत्र (आर्थिक, सामाजिक र वातावरण) पक्षको सन्तुलित विकास गर्दै समन्यायिक वितरणमा जोड दिने र चुस्त-दुरुस्त सुशासन बाट नतिजामुखी बनाउने ।

**परिच्छेद चार : मुख्य नीति तथा कार्यक्रमहरु**

४.१ कोभिड-१९ तथा ओमिक्रोन भेरिअन्ट विरुद्धको अभियान

१. प्रदेशमा कोभिड-१९ को खोप लगाउन बाँकी रहेका सबै नागरिकहरूलाई आगामी चैत्र मसान्तभित्र निःशुल्क खोप उपलब्ध गराउने विषयमा पहल गर्ने ।

२. कोभिड-१९ को उपचारमा प्रत्यक्ष संलग्नः स्वास्थ्यकर्मी, स्वास्थ्य कर्मचारी, सुरक्षाकर्मी, चालक, सरसफाइमजदुरहरूलाई प्रोत्साहन भत्ता तथा व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध गराउने ।

३. कोभिड-१९ तथा नयाँ ओमिक्रोन भेरिअन्ट संक्रमणको रोकथाम, उपचार तथा नियन्त्रणको निमित्त आवश्यक तयारी तथा भौतिक पूर्वाधारको विकासमा प्राथमिकता दिने।उपलब्ध श्रोत साधनहरुको उच्चतम उपयोग गर्दै आवश्यक जनशक्ति तथा गुणस्तरीय सामग्रीको व्यवस्थापन गर्ने तथा स्वास्थ्य चेतना अभिवृद्धि गर्ने ।

४. दुर्गम क्षेत्रमा परिचालित स्वास्थ्यकर्मीहरु लाई विशेष सुविधा-आर्थिक प्याकेजको व्यवस्थापन गर्ने ।

४.२ अन्य अत्यावश्यक राहत कार्यक्रम

१. बाढी, पहिरो, डुबान, कोभिड-१९ तथा अन्य प्राकृतिक विपद् पीडित परिवारलाई उद्धार तथा राहत प्रदान गर्ने । प्रभावित र विस्थापितहरूको पुनर्स्थापन गर्ने तथा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी पार्ने ।

२. शहीद तथा बेपत्ता परिवार र द्वन्द्वपीडित एवम् विस्थापितलाई राहत, पुनर्स्थापन र सहायताका लागि आवश्यक व्यवस्था मिलाउने । विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएका हरूको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्ग भङ्ग भएकालाई क्षतिपूर्ति र परिवारका कम्तीमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने ।

३. क्यान्सर, ब्रेन ट्युमर, मुटु रोग, अल्जाइमर, मिर्गौला, स्पाइनल इन्जुरी, थालोसमिया जस्ता गम्भीर प्रकृतिका रोग विरुद्ध उपचार व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्थापन गर्ने ।

४. ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, बाढी पहिरो, प्राकृतिक प्रकोप, असामान्य प्रसूति जस्ता विपदको समयमा हवाई सेवा मार्फत उद्दार गरी उपचार सेवाको व्यवस्थापन गर्ने ।

४.३ लोकतान्त्रिकगणतन्त्रको सुदृढीकरण र संघीयताको कार्यान्वयन

१. प्रदेश १ को नामाकरणलाई उच्च प्राथमिकता दिई तत्काल कार्यान्वयनको लागि समन्वय गर्ने ।

२. प्रदेश १ राजधानीको लागि आवश्यक सरकारी कार्यालय (प्रदेश सभा, मन्त्रालयहरू तथा अन्य निकायहरू) आदिको जग्गा प्राप्ति, डीपीआर तथा भौतिक संरचना तयारीको लागि आवश्यक काम अघि बढाउने ।

३. सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आवश्यक थप कानुन निर्माण गर्ने ।

४. संविधान बमोजिम प्रदेशमा हस्तान्तरण हुन बाँकी रहेका विभिन्न संघीय मन्त्रालयका निकायहरू प्रदेश मातहतका ल्याउन पहल गर्ने ।

५. संविधान प्रदत्त मौलिक हक, सामाजिक न्यायको हकको सुनिश्चितता लगायत समानुपातिक समावेशी सिद्धान्त लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

६. अन्तर सरकार समन्वय सुदृढिकरणको लागि प्रदेश समन्वय परिषदलाई क्रियाशिल बनाई स्थानीय तहहरुसंगको नियमित संवाद र छलफलको लागि आवश्यक संयन्त्र स्थापित गर्ने संघ तथा स्थानीय निकायबाट तर्जुमा हुनु पर्ने आवश्यक कानुनको निमित्त समन्वय तथा पैरवी गर्ने ।

७. प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्नन गर्ने ।

४.४ सुशासन, शान्ति र सदाचारिता

१. सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त शासकीय व्यवस्था निर्माणका लागि सार्वजनिक क्षेत्रमा ई-बिडिङ लगायत अधिकतम सार्वजनिक सेवालाई अनलाइन मार्फत प्रवाह गरी सहज र पारदर्शी बनाउने ।

२. प्रदेश सरकारबाट सञ्चालित परियोजनाहरूको मूल्याङ्कन, अनुगमन गर्न उच्च स्तरीय संयन्त्र तयार गरी हरेक ६-६ महिनामा प्रगति विवरण सार्वजनिक गर्ने ।

३. सार्वजनिक सेवामा भएका भ्रष्टाचार नियन्त्रणका लागि प्रदेशस्तरको अनुगमन तथा अनुसन्धान समिति बनाई तत्काल काम सुरु गर्ने ।

४. बढ्दो महँगी, कालोबजारी, मिसावट तथा कृत्रिम अभाव नियन्त्रण गरी खाद्यान्न, पेट्रोलियम पदार्थ लगायत जनताका अत्यावश्यक दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्तिको व्यवस्था गर्ने । दुर्गम क्षेत्रमा नुन, चिनी, चामल, औषधी, बीउ, मल लगायत अत्यावश्यक वस्तुहरू अभाव हुन नदिने ।

५. संघीय लोकतान्त्रिक गणतन्त्रको प्रावधान र कार्यक्षेत्र अनुरूप निजामती प्रशासन तथा सुरक्षा निकायहरूलाई सक्षम, निष्पक्ष, पारदर्शी र जन-उत्तरदायी बनाउन आवश्यक कदम चाल्ने । सरकारको प्रक्षेपित लक्ष्य प्राप्तिको दरिलो सहयात्रीको रूपमा राष्ट्रसेवकहरुको मनोबल उच्च बनाई नतिजामुलक परिणामको लागि "पुरस्कार-दण्ड" नीति अवलम्बन गर्ने ।

६. कानुनी राज्यको मान्यता अनुरूप सुशासनको प्रत्याभूति, सार्वजनिक प्रशासन र सुरक्षा निकाय लगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जबाफदेही बनाउन ठोस कदम चाल्ने । समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण गरी दण्डहीनता अन्त्य गर्ने ।

७. पूर्ववर्ती सरकारले गरेका सम्पूर्ण अनावश्यक र अवैधानिक राजनैतिक निर्णय तथा नियुक्तिहरू खारेजी गरी नयाँ प्रक्रिया सुरु गर्ने ।

८. सामाजिक तथा सार्वजनिक क्षेत्रका जिम्मेवारीमा नियुक्ति तथा पदोन्नतिगर्दा सरकारले क्षमता, योग्यता, अनुभव तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा पारदर्शी प्रणाली अवलम्बन गर्ने ।

९. प्रदेश लोकसेवालाई थप सक्रिय बनाई प्रदेशमा आवश्यक दक्ष जनशक्तिको परिपूर्तिमा प्राथमिकता दिने ।

१०. जनतालाई उपलब्ध गराउने सार्वजनिक सेवालाई जनमैत्री, छिटो, छरितो, सुलभ, कम खर्चिलो र झन्झटमुक्त बनाउने ।

४.५ आर्थिक नीति तथा कार्यक्रम

१. चालू रहेका बहुवर्षीय तथा सालबसाली परियोजनाहरूको पुनर्मुल्याङ्कन गरी अनुत्पादक, असान्दर्भिक, अनावश्यक तथा अनुचित बजेट खारेज गरी नयाँ प्राथमिकता तथा मापदण्डको आधारमा बजेटको परिमार्जन गर्ने ।

२. सरकारका स्रोत र साधनको उच्चतम उपयोगको लागि परियोजना छनौटको वस्तुगत आधार तयार गर्न प्रदेश योजना आयोगको नेतृत्वमा परियोजना बैकको स्थापना गरी तत्काल लागू गर्ने ।

३. समष्टिगत आर्थिक विकासको निमित्त तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी प्रदेशलाई लगानीमैत्री बनाउने। अनुदानमुखी भन्दा सक्षम तथा प्रतिस्पर्धात्मक उद्यमको प्रोत्साहनको लागि नितिगत तथा अन्य आवश्यक सहयोग गर्ने ।

४. वैदेशिक सहायतालाई बजेटरी प्रणाली मार्फत सरकारको स्वामित्व र नेतृत्व हुने गरी भौतिक पूर्वाधार, उत्पादन क्षेत्र लगायत प्रदेश प्राथमिकताको क्षेत्रमा परिचालन गर्ने ।

५. संविधानमा व्यवस्था भए बमोजिम समाजवादउन्मुख अर्थतन्त्रको आधार तय गर्नका लागि क्रमशः शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको गुणात्मकता र पहुँचको विकास तथा बिस्तार गर्ने ।

६. तीन खम्बे अर्थ नीति ( सरकारी, सहकारी र निजी क्षेत्र) को समन्वयात्मक तथा क्रियाशिल भूमिकाको आधारमा उत्पादन तथा विकास निर्माण लगायतका समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने ।

७. सरकारी र निजी क्षेत्रको सहकार्यको आधारमा लगानीमैत्री वातावरणको निर्माण गर्ने। स्थानीय लगानीलाई प्रोत्साहन गर्दै राष्ट्रिय तथावैदेशिकलगानीलाई आकर्षण गर्ने । विकास सहायतालाई प्रादेशिक प्राथमिकताको क्षेत्रमा प्रवाह गर्न आवश्यक वातावरण उपलब्ध गराउने तथा ऐन कानुन आदिको तर्जुमा गर्ने ।

८. जल, जमिन, जङ्गल, जडीबुटी र जनशक्ति जस्ता महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी प्रदेशलाई तीव्र आर्थिक विकासको बाटोमा डोर्या,उनको लागि पूर्वाधार तयार गर्ने र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै समन्यायिक वितरणमा आधारित आर्थिक नीति अवलम्ब नगर्ने ।

९. निर्वाहमुखी कृषिलाई

वांकी ४ पेजमा...

# श्रीमतिलाई कटपीट गरी हत्या गरेको आरोपमा श्रीमान पक्राउ



संखुवासभा । संखुवासभाको पाचखपन नगरपालिका वडा नं. ३ का दिपन राई आफ्नै श्रीमतीको हत्याको आरोपमा पक्राउ परेको छ ।

पुस ५ गते सोमवारको राती राईको २९ बर्षीया श्रीमती बिष्णु माया राई मृत अवस्थामा रहेको भन्ने जानकारी पाए लगत्तै ईलाका प्रहरी कार्यालय वानाबाट प्रहरी टोली खटि गएको थियो ।

घटनास्थलमा खटिएको अनुसन्धान टोलीले प्रारम्भिक अनुसन्धान गर्ने क्रममा मृतकको शरिरमा केही चोट पटक देखे संगै घटना बारेमा सुक्ष्म अनुसन्धान थालेको थियो ।

घटनास्थलको प्रारम्भिक अनुसन्धान संगै मृतकलाई पोष्टमार्टमको लागी धरान पठाएको थियो भने अन्य अनुसन्धान जारी नै रहेकोमा बिष्णु मायाको आत्महत्या तथा भवितव्य बाट मृत्यु नभई कर्तब्यबाट हत्या भएको खुल्न आएसंगै मृतककै श्रीमान दिपन राईलाई पक्राउ गरिएको थियो ।

राईले नै आफैले हत्या गरेको साबिति बयान दिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ । श्रीमतीसंग सामान्य बिषयमा बादबिबाद हुँदा आफ्नो रिशको आवेगलाई थाम्न नसक्दा श्रीमतीको हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

श्रीमतीको हत्या आरोपमा पक्राउ परेका राईको सम्बन्धमा थप अनुसन्धान तथा कानूनी कारवाही भईरहेको उक्त कार्यालयले जनाएको छ ।

# कर्तव्य ज्यान मुद्दामा संलग्न पक्राउ

विराटनगर । मोरङको रंगेली नगरपालिका वडा नं. २ का चन्द्र उराउको २१ महिना कि छोरी युनिसा उराउलाई कर्तब्य गरि ज्यान मार्ने कसुरमा २ जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा रंगेली नगरपालिका वडा नं. २ का ४६ बर्षिय सैनी उराउ र ३५ बर्षिया संगिता उराउ रहेका छन ।

गत मंसिर २६ गते युनिसा उराउ घरबाटै हराई बेपत्ता भए कि थिइन । खोज तलासको क्रममा ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले युनिसाको लाश घर नजिकै पैनीमा गाडेको अवस्थामा मंसिर २८ गते फेला परेको थियो ।

पक्राउ परेका दुवै जनालाई सम्मानित मोरङ जिल्ला अदालतबाट कर्तब्य ज्यान कसुरमा म्याद थप गरी अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

### १. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

### २. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

### 3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १




## पाँचदलीय...

आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण गर्नेमल र बीउको आपूर्ति सुनिश्चित गर्नेर कृषि उत्पादनको जीवन चक्रमा पर्ने जोखिम न्यूनीकरण गर्ने । कृषि उपजको बजार मूल्य तोकी बिचौलिया निरुत्साहित गर्दै बजारीकरणकोसुनिश्चितता गर्ने। जैविक कृषिलाई उच्च प्राथमिकता दिँदै दैनिक उपभोग्य उपजमा आत्मनिर्भर हुनेकृषि बिमाको व्यवस्था गरी जोखिम न्यूनीकरण गर्ने ।

१०. जल तथा प्राकृतिक स्रोतको दिगो उपयोग हुनेगरी ऊर्जा विकासलाई अर्थतन्त्र निर्माणको मुख्य आधार बनाउँदै आन्तरिक लगानीबाटै मझौला जल-विद्युत् आयोजना निर्माण गर्ने । विद्युत् उत्पादन र वितरण प्रणाली बीच तादात्म्यता कायम गर्ने गरी पूर्वाधार विकास गर्ने। विद्युत खपत वृद्धिमा जोड दिनको साथै गरिब तथा अतिविपन्नीकालागि विद्युत महसुल घटाउने र पहुँच बढाउने।

११. नेपाल सरकारबाट सूचीकृत प्रदेश १ प्रमुख पर्यटकीय गन्तव्यहरू र अन्य विशेष महत्वका क्षेत्रमा पर्यटन विकासमा तत्काल पहल गर्ने ।

१२. प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकसित गर्न पर्यटन पूर्वाधार निर्माणमा जोड दिने। गुणस्तरीय तथा दिगो पर्यटन विकासका लागि भौगोलिक, सांस्कृतिक तथा जैविक विविधतालाई उपयोग गर्ने ।

१३. भौतिक पूर्वाधारको दिगो एवं गुणस्तरीयविकास गर्ने, पूर्वाधार निर्माणमा ढिलासुस्ती अन्त्य गर्ने र पाँच वर्षसम्म निर्माण कम्पनीले मर्मत सम्भारको जिम्मेवारी लिने व्यवस्था गर्ने ।

१४. यातायात क्षेत्रको एकीकृत विकासका लागि स्थल, हवाई, साना जलयातायात र केवलकार आदि सेवाको एकीकृत गुरुयोजना तयार गरी सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गर्ने ।

१५. हुलाकी लगायतका पूर्व-पश्चिमसडकहरूर उत्तर-दक्षिण कोरिडोर तथा व्यापारिक मार्गहरू प्राथमिकताका साथ निर्माण गर्ने ।

१६. एक पालिका सदरमुकाम देखि अर्को पालिका सदरमुकाम र सबै पालिका सदरमुकाम देखि जिल्ला सदरमुकाम जोड्ने सडकहरुको स्तोरोन्नति गर्ने ।

१७. सडक, बिजुली, पानी, ढल, सञ्चार लगायतका विकास निर्माणका कार्य एकीकृत र समन्वयात्मक ढङ्गले सम्पन्न गर्नेगरी सरोकारवाला निकायहरू लाई सञ्चालन र परिचालन गर्ने ।

१८. अर्थतन्त्रमा उत्पादन मूलक उद्योगको योगदान बढाउन औद्योगीकरणलाई उच्च प्राथमिकता दिने । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमूलक उद्योगको विकासमा जोड दिने। प्रादेशिक तथा स्वदेशी वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा जोड दिने ।

१९. आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन गरी प्रदेशको अर्थतन्त्रमा योगदान पुर्यानउन प्रदेशको विशिष्टथतामा सम्भावित वस्तु तथा सेवा र बजारीकरणका निमित्त प्रदेश योजना आयोग मार्फत तत्काल अध्ययन गरी निष्कर्ष लागू गर्ने ।

२०. डिजिटल प्रदेशको अवधारणालाई सार्थक बनाउन सूचना तथा सञ्चाबर क्षेत्रलाई विकास र विस्तार गर्न ठोस नीति र कार्यक्रम तय गर्ने। जनताको सूचनाको हकको ग्यारेन्टी गर्ने, पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूत गर्ने र गोपनीयताको हकको सुनिश्चिञतता गर्ने ।

२१. नदी पथान्तरण (डाइभर्सन) तथा भूमिगत र लिफ्ट सिँचाइको माध्यमबाट सिँचाइ सुविधा पुग्न नसकेका खेती योग्य भूमिमा दिगो सिँचाइसुविधा पुर्याचउने। नदी कटान क्षेत्रलाइ 'तटबन्धगरी नदी उकास भू-भागलाई व्यवस्थित रूपमा प्रयोगमा ल्याउन योजना बनाउने ।

२२. भूमिहीन नागरिकहरूलाई भूमि उपलब्ध गराउन पहल गर्ने। कृषि मजदुर, भूमिहीन किसानको आर्थिक, सामाजिक उत्थान र बसोबासको व्यवस्था गर्ने।भूमिको उत्पादन र उत्पादकत्व बढाउन वैज्ञानिक भू-उपयोग नीति प्रभावकारी रूपमा लागू गर्ने ।

२३. प्रदेशमा उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने। वैदेशिक रोजगारीबाट सीप र पुँजीसहित फर्केका नागरिकलाई प्रदेशभित्र उत्पादन तथा रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहन गर्ने ।

२४. भूकम्प, बाढी पहिरो, डुबान, भू-क्षय तथा आगलागी जस्ता विपदबाट हुने जन-धनको क्षति कम गर्नका लागि डिजिटल प्रविधिको प्रयोग गरी पूर्व सतर्कता प्रणालीको प्रबन्ध गर्ने, आवश्यकता अनुसार बस्ती स्थानान्तरण गर्ने र एकीकृत बस्तीको अभ्यास सुरु गर्ने ।

२५. लघु तथा घरेलु एवं मझौला उद्योगहरूको वित्तीय पहुँच, दर्ता तथा कर प्रणाली सहज बनाउँदै बजार पहुँच बढाउने ।

२६. जुट, पाटको खेती प्रबर्द्धन गर्न किसानलाई विऊ, पोखरी आदिमा सहयोग उपलब्ध गराउने ।

२७. प्रादेशिक उत्पादन प्रवर्धनको निमित्त प्रदेशमा उत्पादित लत्ता-कपडा, जुत्ता आदिको ड्रेसकोड कार्यविधि तयार गरी प्रदेश १ मातहतका सम्पूर्ण सरकारी निकायमा लागू गर्ने ।

२८. पुरानो प्रविधिबाट निर्मित रैथाने घरेलु कपडा उद्योगको स्तरोन्नतिको निमित्त सामुदायिक उत्पादन समूहलाई उपकरण (मेशिन) आदि खरिदमा सहयोग गर्ने ।

२९. प्रदेशको प्रथम आवधिक योजनाले निर्दिष्ट गरे बमोजिम प्रदेश १ को समग्र पद मार्गमा आधारित पर्यटन विकासको लागि स्थानीय सरकारहरू समेतको सहकार्यमा नयाँ कार्यक्रम सुरुवात गर्ने ।

३०. संवैधानिक व्यवस्था अनुरूप प्रदेशको आन्तरिक स्रोतको प्रमुख आधारको रूपमा रहेको यातायात सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारले सुरुवात गरेको विद्युतिय सवारी दर्ता एवं यातायात व्यवस्थापन प्रणालीलाई यसै आर्थिक वर्ष भित्र पुर्ण रूपमा कार्यान्वयन गर्ने ।

३१. मितव्ययी रूपमा सरकार सञ्चाललन गर्ने, पुँजीगत खर्च बढाउने। प्रदेशको स्रोत साधन तथा राजस्वको वृद्धि गर्न तथा सरकारी खर्चमा आत्मनिर्भरता कायम गर्नआर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोग मार्फत आवश्यक अध्ययन गरी निष्कर्ष कार्यान्वयन गर्ने ।

४.६ सामाजिक नीति तथा कार्यक्रम

१. मानव विकास सूचकाङ्क(ज्मक्ष) वृद्धि गर्ने र लैङ्गिक, भौगोलिक र सामुदायिक रूपमा असमान रहेका 'एचडीआई' सूचकाङ्कलाई क्रमश : न्यूनीकरण गर्दै प्रदेशको सन्तुलित विकासमा जोड दिने । अति विपन्न तथा गरिबीको रेखामुनि रहेका जनतालाई उद्यमशीलता तथा विशेष राहत प्याकेजको वितरण प्रणालीमा आबद्ध गर्ने ।

२. श्रमिक लगायत गरिबी, वञ्चितीकरण र जोखिमयुक्त जीवनयापन गरिरहेका तथा आफ्नो हेरचाह आफैँ गर्न नसक्ने व्यक्तिहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने। सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा आबद्ध गर्ने ।

३. गुणस्तरीय,रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिँदै संघीयताको मान्यताअनुरूप शिक्षालाई जनताको पहुँचमा राख्नक सामुदायिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने। प्रदेशको जनशक्ति प्रक्षेपणको आधारमा मानव कल्याण तथा नैतिकवान नागरिक तयारीका लागि आवश्यक शिक्षा विकास गर्नेविद्यालय तथा क्याम्पस अध्ययन बाट छुटेकाहरुको लागि पुनः अध्ययन प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।

४. निजी विद्यालयहरूमा अभिभावकलाई चर्को आर्थिक भार पर्न नदिने नीति अवलम्बन गर्ने । संविधानबमोजिम मातृभाषा शिक्षाका लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने।

५. उपचारात्मक (क्यूराटिभ)को साथै निरोधात्मक (प्रिभेटिभ) सामुदायिक स्वास्थ्य सेवाको सन्तुलित विकास गर्ने । आयुर्वेदिक उपचार, गुणस्तरीय पिउने पानीको विस्तार तथा प्रयोग, जनस्वास्थ्य सचेतनता जस्ता अभियानलाई अघि बढाउने। साथैजनताको स्वास्थ्यमा सरल र सहज पहुँच स्थापित गर्न आधारभूत स्वास्थ्य केन्द्र, ग्रामीण स्वास्थ्य शिविर सेवा र अस्पतालहरूलाई विस्तार गरीजनताको घरदैलोमा पुर्योउने। प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने । स्वास्थ्य बिमाको पहुँचलाई विस्तार गर्दै अति बिपन्न परिवारलाई स्वास्थ्य बिमाको पहुँचमा ल्याउने ।

६.कोभिड-१९ को विश्वनव्यापी प्रकोपका कारण देशमा उत्पन्नह बेरोजगारको समस्यालाई हल गर्ने । मजदुर, किसान,बौद्धिक पेशाकर्मी लगायतका श्रमजीवी वर्गको श्रमको सम्मानका साथै रोजगारका लागि ठोस कदम चाल्ने। शैक्षिक बेरोजगारलाई उद्यमशीलतामा आबद्ध गर्न विशेष कार्यक्रम ल्याउने ।

७. सहकारी क्षेत्रलाई गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रूपमा प्रदेशले प्राथमिकता दिने। गरिबीको रेखामुनि रहेका जनताको तथ्याङ्क सङ्कलनगरी खाद्य, शिक्षा, स्वास्थ्य, आवास, सीप विकास र रोजगारीको कार्यक्रम बनाउने ।

८. आधुनिक प्रविधिसँग प्रदेश विकास प्रक्रियालाई आबद्ध गर्नेविद्यालयदेखि विश्वविद्यालय सम्म विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान र शिक्षालाई उच्च प्रथमिकता दिई प्राविधिक जनशक्तिउत्पादन बढाउँदै लाने। सामाजिक रूपान्तरणका लागि आधुनिक विज्ञान-प्रविधि, बायोटेक-इन्फोटेक, तथ्य तथ्याङ्क, अल्गोरिदम आदिको अधिकतम उपयोग गर्ने ।

९. वर्गीय, सामाजिक र भौगोलिक असमानताका अवयव हरूको पहिचान गरी असमानता न्यूनीकरण तथा निरूपण गर्ने ।

१०. लोककल्याणकारी राज्यको मान्यता अनुरूप समाजका जेष्ठर नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्नअ व्यक्तिहरूको साथै दलित, उत्पीडित, पिछडिएको वर्ग, अल्पसङ्ख्यक, अति-सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई दिइएको सामाजिक सुरक्षाको दायरालाई वस्तुगत र व्यवहारिक रूपमा विस्तार गर्ने। अपाङ्गता भएका व्यक्तिलाई रोजगारीमा आबद्ध गर्ने प्रणालीको विकास गर्ने ।

११. प्राकृतिक प्रकोप बाट असुरक्षित र छरिएर रहेका ग्रामीण वस्तिहरू लाई एकीकृत बस्तीको अवधारणा अनुरूप सुरक्षित र सुविधासम्पन्न स्थानमा स्थानान्तरण गर्न पहल गर्ने ।

१२. प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरी सबै समुदायको भाषा, लिपि, संस्कृति, कला -साहित्य, सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनगर्ने । सांस्कृतिक पर्यटनको विकास गर्दै प्रदेशको विविध सांस्कृतिक सम्पदागत विशिष्ट् घरेलु उत्पादनलाई समृद्धिको सहायकको रूपमा विकास गर्ने ।

१३. जातीय छुवाछूतमुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्नको साथै भाषा, धर्म र संस्कृतिको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने ।

१४.पितृ सत्तात्मक परम्परा गत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने। महिला विरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेच-बिखन जस्ता अपराध गर्नेलाई कडा कारबाही गर्ने र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने ।

१५. सहर र गाउँको बीचमा भएको विकासको भौगोलिक असन्तुलन, विभिन्न समुदायको बीच रहेको सामाजिक तथा आर्थिक विकासको असन्तुलनलाई क्रमशः कम गर्ने गरी विकास निर्माण तथा सुशासन कायम गर्ने ।

१६. प्रदेशको समृद्धिको सम्वाहकको रूपमा युवा जनशक्तिलाई आबद्ध गर्ने । “युवाको अधिकार शिक्षा र रोजगार” को अवधारणालाई व्यावहारिक रूप दिने ऊर्जाशील युवा जनशक्तिलाई विदेश पलायन हुन बाट रोक्न विशेष कार्यक्रम ल्याउने।

१७. युवा लक्षित खेलकुदलाई व्यावसायिक रूपमा विकास गर्ने र प्रदेश स्तरको खेलकुद पूर्वाधार निर्माण तथा खेलकुद पर्यटनको विकास गर्ने। प्रदेश बाट प्रतिनिधित्व गरी रास्ट्रिय तथा अन्तरास्ट्रिय सफलता प्राप्त गर्न सफल खेलाडीलाई पुरस्कार-प्रोत्साहनको व्यवस्था गर्ने ।

४.७ जलवायु तथा पर्यावरणीय सन्तुलन

१. विकासको नाममा सम्पूर्ण मानव समुदाय र अन्ततःपृथ्वीकै अन्त्य हुने डरलाग्दो पदचाप रोक्न

वांकी ५ पेजमा...

क्राईम अपरेशन
Crime Operation

# अबैद्ध जडीबुटी जन्य बनसपति सहित चालक पक्राउ



संखुवासभा । संखुवासभाको मकालु गाउँपालिका वडा नं. ३ स्थितबाट अवैध जडीबुटी जन्य वनस्पति बोकेको ट्रयाक्टर सहित चालकलाई प्रहरीले पक्राउ गरेको छ।

सोमवार मकालु वडा नं. ३ स्थित कोशी लोकमार्गमा इलाका प्रहरी कार्यालय हेदङनाबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा च्यामताङबाट ना.७ त ५६२१ नम्वर को ट्रयाक्टरको डालामा त्रिपालले छोपी सदरमुकाम तर्फ लादै गरेको अवस्थामा धुपी १४८.८३८ किलोग्राम, पाखनवेद ७१ किलोग्राम सहित नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएको अवैध वनस्पति, ट्रयाक्टर र चालक संखुवासभा खाँदवारी नगरपालिका-३ का २३ बर्षिय अनिल दर्जी समेतलाई थप अनुसन्धान प्रक्रियाको लागि मकालु बरुण र ाष्ट्रिय निकुञ्जमा बुझाईएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

## लागुऔषध ब्राउन सुगर सहित पक्राउ

विराटनगर । मोरङको मिक्लाजुङ गाउँपालिका वडा नं. ६ बाट नियन्त्रित लागुऔषध ब्राउन सुगर सहित १ जना पक्राउ परेको छ ।

बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय उर्लावारीबाट खटिएको प्रहरी टोलीले मिक्लाजुङ वडा नं. ६ का २६ बर्षिय बिक्रम लावतीको घर कोठा खानतलासी गर्दा १५ ग्राम ५० मिलिग्राम नियन्त्रित लागुऔषध ब्राउन सुगर फेला परेको थियो ।

पक्राउ परेका लावतिलाई नापतौल गर्ने यन्त्र १ थान, को.३२प ७६०२ नम्वरको मोटरसाईकल १ थान, मोवायल १ थान, नगद ५ हजार २५ रुपैया सहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय उर्लावारीबाट थप अनुसन्धान भईरहको छ ।


## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १


# प्रदेश १ को विराटनगरबाट ट्राफिक सप्ताम शुरु

बिराटनगर । प्रदेश १ का राजधानी बिराटनगर महानगर पालिका वडा नं. ९ मा रहेको बसपार्कबाट ट्राफिक सप्ताहको प्रदेश स्तरीय कार्यक्रमको समुदघाटन भएको छ ।



१ नं. प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय र १ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय इटहरीको संयुक्त आयोजनामा प्रदेश स्तरीय "ट्राफिक सप्ताह" उदघाटन कार्यक्रम बिराटनगर बसपार्कमा सम्पन्न भएको थियो ।

उक्त कार्यक्रम १ नं. प्रदेशका १४ वटै जिल्लाहरुमा एकै साथ शुभारम्भ गरिएको छ । कार्यक्रममा प्रमुख अतिथि १ नं प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय केदार कार्की, बिशिष्ट अतिथि सामाजिक विकाश मन्त्री जयराम यादव, प्रदेश मन्त्रालयका सचिवहरु, १ नं प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी नायव महानिरीक्षक अरुण कुमार विसी, प्रहरी बरिष्ट उपरीक्षक, प्रहरी उपरीक्षकहरु, यातायात व्यवसायी, बिभिन्न सरकारी कार्यालयका प्रमुखहरु, १ नं प्रदेश स्काउटका प्रतिनिधिहरु, बिभिन्न सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

ट्राफिक सप्ताह कार्यक्रम ट्राफिक चौक बाट ऱ्याली सुरु भई बजार परिक्रमा पश्चात कार्यक्रम स्थल बस पार्कको टर्मिनल भवनमा पुगी प्रमुख अतिथिबाट दिप प्रज्वलन गरी कार्यक्रमको समुदघाटन भएको थियो ।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.बाट स्वागत मन्तब्य तथा ट्राफिक सप्ताह कार्यक्रमको औचित्य माथि प्रकाश पार्नु भएको थियो । सप्ताह व्यापी कार्यक्रममा पैदल यात्रीहरुलाई सडक पेटी तथा जेब्राक्रसबाट हिड्न सिकाउने, सडक प्रयोगकर्ताहरुलाई सडकमै प्रशिक्षण दिने, जेब्राक्रसमा सवारी साधनहरुलाई गति कम गर्न लगाउने, पार्किङ तथा नो पार्किङ व्यवस्थापन गर्ने, सडक पेटी व्यवस्थित गर्ने, विधीहरु सिकाउने छन् ।

त्यसैगरी सवारी साधनहरुमा जनचेतनामुलक स्टिकर टाँस गर्ने, सवारी साधनमा आरक्ष सिटको अनुगमन गर्ने, पर्चा पम्प्लेट वितरण गर्ने, टयाक्टर तथा साईकलमा रिफ्लेक्टर स्टिकर टाँस गर्ने, बिधार्थीहरुलाई ट्राफिक प्रशिक्षण दिने, अनावश्यक हर्न प्रयोगमा नियन्त्रण गर्ने, नम्बर प्लेट स्पष्ट नभएका सवारी साधनहरुको नम्बर लेख्न लगाउने, लेन अनुशासनको पालना गराउने आदि कार्यक्रम हुने छन ।

# मंसिर महिनाको दुई जना "उत्कृष्ट प्रहरी" घोषित

बिराटनगर । १ नं. प्रदेश प्रहरी कार्यालय बिराटनगरले १ नं. प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट उत्कृष्ट कार्य गर्ने २ जना प्रहरी कार्मचारीहरुलाई मंसिर "महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरेको छ ।





मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरीमा इलाका प्रहरी कार्यालय उर्लावारी मोरङमा कार्यरत प्रहरी निरीक्षक राजाराम खड्का र प्रहरी चौकी कप्तानगञ्ज सुनसरीमा कार्यरत प्रहरी जवान राजेश कुमार साह रहेका छन ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनु हुने दुबै प्रहरी अधिकृत तथा जवानलाई मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरिएको हो ।

निजहरुले जवरजस्ती करणी, चोरी पठारी लगायत विभिन्न अपराधिक घटना र अवैध लागुऔषध कारोवारमा संलग्न व्यक्तिहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै पिडित पुनः भेटघाट कार्यक्रम संचालन गरी पिडितको घरमै गएर प्रत्यक्ष भेटघाट गरी कानूनी परामर्श दिई नागरिकहरुमा सुरक्षाको अनुभूति दिलाई आम नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने गरी प्रशंसनीय कार्य गरको थियो ।

उत्कृष्ट कार्यको उच्च मुल्याङ्कन गर्दै मंसिर "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरिएको थियो ।

## पाँचदलीय...

जैविक वातावरण तथा पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोत साधनको दोहन हुन नदिने। चुरे क्षेत्रको उत्खनन गरी ढुङ्गा गिट्टी, बालुवा निर्यात गर्ने कार्यलाई रोक लगाउने। प्रदेशको जल, जमिन र जङ्गलमा पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्न ठोस कदम चाल्ने ।

२. वन, वातावरण र नदी नियन्त्रणका कार्यक्रमलाई प्राथमिकता दिने। चुरे र शिवालिक पर्वत शृङ्खलाको संरक्षणका लागि सञ्चालित चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई तराई मधेस क्षेत्रको मरुभूमि करण रोक्ने ।

३. ठूला नदीको बहुउद्देश्यीय उपयोग र एकीकृत विकासको नीति लागू गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन(इआइए) को आधारमा कार्यान्वयन गर्ने ।

४. सहरी विकासका पूर्वाधारको निर्माण तथा विकास आयोजनाहरू कार्यान्वयन गर्दा वातावरणमैत्री बनाउने तथा सांस्कृतिक सम्पदामा असर पर्न नदिने ।

५. विश्वेमा तीव्र गतिले बढिरहेको औद्योगिकीकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदूषण आदिका कारण हुने तापमान वृद्धिले निम्त्याउने विनाशकारी डढेलो, उष्ण वायु, आँधी, तुफान, चक्रवात, अतिवृष्टिक, अनावृष्टित, बाढी, पहिरो, डुबान, हिमपहिरो,खडेरी जस्ता प्राकृतिक विपदको जोखिम अन्त्यका लागि सहकार्य गर्ने र क्षमता तथा आवश्यकता अनुसार नेतृत्व लिने ।

६. पृथ्वीमा बढ्दो तापमान तथा जलवायु परिवर्तनको कारण जनताको जीवनमा पर्ने असर र जोखिमहरूलाई न्यूनीकरण गर्नका लागि आवश्यक सतर्कता प्रणाली अपनाउने ।

७. कृषि उत्पादनमा जैविक खेतीलाई प्रवर्द्धन गरी क्रमश: रासायनिक मल, पेस्टिसाइडलाई न्यूनीकरण गर्ने। जीवाश्म इन्धन ( ँयककर्ष ँगभकि)को प्रयोगलाई निरुत्साह गर्दै नवीकरणीय ऊर्जा ( ऋभिबल भ्लभचनथ)को प्रयोगलाई प्राथमिकता दिने ।

**परिच्छेद पाँच : निष्कर्ष**

समाजवाद उन्मुख अर्थतन्त्रको आधार तथा दीर्घकालीन राष्ट्रिय लक्ष्य "समृद्ध नेपाल, सुखी नेपाली" को पद चापलाई प्रदेश १ को विशिष्टतामा वस्तुपरक बनाउन यो न्यूनतम साझा कार्यक्रम रणनीति संश्लेषित गरिएको हो । प्रादेशिक स्रोत र साधनको उच्चतम उपयोगमा राज्यले अवलम्बन गरेको तीन खम्बे अर्थनीति ( सरकारी, सहकारी र निजी क्षेत्र बीचको सहकार्य) मार्फत उत्पादन मुखी तथा राष्ट्रिय पुँजीको निर्माणमा यो दस्तावेज महत्व पूर्णबन्न सक्दछ भन्ने हाम्रो अपेक्षा छ । ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, अन्य विभिन्न न्यायप्रेमी शक्तिहरुको आन्दोलन अभियानको प्रतिफल : स्वरुप प्राप्तभएको राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै बहु-आयामिक विकासको अभियानमा पनि श्रेष्ठता हासिल गर्नुपर्ने आजको आवश्यकतालाई सक्दो सापेक्ष र सूक्ष्म विश्लेषण गरी तयार पारिएको यो न्यूनतम साझा कार्यक्रम लागू गर्न पाँचदलीय राजनीतिक गठबन्धनको नेतृत्वमा बनेको संयुक्त सरकार कटिबद्ध हुनु पर्दछ । निजी, सामुदायिक, साझेदारी तथा दात्री निकाय लगायत प्रदेश १ विकासका अन्य सहयात्रीहरुमा समेत ऐक्यवद्धतातथा व्यवहारिक कार्यान्वयनको निमित्त सहयोगको आह्वान तथा याचना गर्दछौं । धन्यवाद

स्मरण रहहोस पाँचदलीय संयन्त्रमा नेपाली काँग्रेस, नेकपा ( एकिकृत समाजवादी), जसपा नेपाल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च नेपाल रहेको छ ।